
أحكام الحج والعمرة ـ نيبالي

# हज्ज र उम्रा



تعاوني الزلفي

المكتب التعاوني للدعوة والإرشاد وتوعية الجاليات بالزلفي
192
هاتف: ٤٢٣٤٤٦٦ ٠١٦ ـ فاكس: ٤٢٣٤٤٧٧ ٠١٦

# أحكام الحج والعمرة

أعده وترجمه للغة النيبالية

**شعبة توعية الجاليات بالزلفي**

**الطبعة الأولى ١٤٣٣هـ**


ح شعبة توعية الجاليات بالزلفي ، ١٤٣٣هـ

*فهرسة مكتبة الملك فهد الوطنية أثناء النشر*

شعبة توعية الجاليات بالزلفي
أحكام الحج والعمرة / شعبة توعية الجاليات بالزلفي
١٤٣٣هـ
٢٠ ص ؛ ٨ × ١٢ سم
ردمك : ٢ - ٣٤ - ٨٠١٣ - ٦٠٣ - ٩٧٨
(النص باللغة النيبالية)
١- الحج ٢- العمرة أ- العنوان

ديوي ٢٥٢,٥ ١٤٣٣ / ٨٥٣٢

رقم الإيداع : ١٤٣٣ / ٨٥٣٢
ردمك : ٢ - ٣٤ - ٨٠١٣ - ٦٠٣ - ٩٧٨

الصف والإخراج : **شعبة توعية الجاليات بالزلفي**

# أحكـــام الحـــج
# हजको बिषय

## हज (परिकण्मा)को हुकुम र बिशेषता।

प्रत्येक मुस्लिम पुरुष र महिला माथि जीवनमा एक चोटि हज अनिवार्य छ, यो ईस्लामको पाँचौ आधार हो, अल्लाह तआलाले भन्नु भयो: ﴿ وَلِلَّهِ عَلَى ٱلنَّاسِ حِجُّ ٱلْبَيْتِ مَنِ ٱسْتَطَاعَ إِلَيْهِ سَبِيلًا ﴾ آل عمران: ९७ मानिसहरु माथि अल्लाहको हक छ कि जस्ले त्यस घर सम्म पुगने सामर्ग्य राख्दछ त्यस्ले हज गरोस। र रसुल ﷺले भन्नु भयो «पाँच कुराहरु माथि ईस्लामको स्थापना गरिएको छ, यो गवाही दिनु कि अल्लाह बाहेक कोहि पुजाको हकदार छैन, र मोहम्मद ﷺ अल्लाहको रसुल हुन्, नमाज कायम गर्नु, जकात दिनु, हज गर्नु, र रमजानको महिनामा रोजा राखनु» । (मुत्तफकुन्अलैह- ८, १६)

हज चाहिं अल्लाहसित नजिक गर्ने कार्यहरु मध्ये सबै भन्दा महान र उच्च कार्य हो, रसुल ﷺले भन्नु भयो «जुन सुकै मानिसले यस घर (काबा) को हज गर्नु हुन्छ र त्यस बीच कुनै फोहर कुरा गर्नु हुँदैन र कुनै पाप गर्नु हुँदैन भने त्यो व्यक्ति हजबाट यस्तै फर्केर आउँछ जस्तो कि आजै आमाको पेटबाट जन्मिएको हो» (मुत्तफकुन्अलैह-१८१९,१३५०)

## हजको शर्त।

वयस्क र बुद्धिमान मुस्लिमहरु माथि हज अनिवार्य हुन्छ यदि क्षमता छ भने, र क्षमता भन्नाले सवारीको मालिक हुनु पर्ने र बाटोमा खान पीन र लुगाहरु जस्तो आवश्यक कुराहरुको लागि

प्रयाप्त मात्रामा धन सम्पत्तींको मालिक हुनु पर्ने हो, र त्यस्तै जुन मानिसहरुको पालन र पोषणको खर्च उस माथि अनिवार्य छ भन्ने त्यस्को खर्चबाट बाँचेको अधिक धन सम्पत्ती हुनु पर्छ, बाटोमा सुरक्षा र शारिरीक स्वास्थ पनि क्षमता अन्तरगत आउँछ, तसर्थ यस्तो कुनै रोग र शारिरीक तथा मानसिक कमजोरी नहुनु पर्ने जस्ले गर्दा हजको कर्ममा बाधा होस, र महिलाहरुको लागि उपरोक्त शर्तहरुका साथै एउटा शर्त महरमको उपस्थिती पनि छ , तसर्थ हजमा महिला सँग अवश्य एउटा महरम हुनु पर्छ, श्रीमान अथवा अरु कुनै महरम, र यदि ईद्दत अर्थात सोकमा बसेकि छे भने हजको लागि निस्कन सक्नु हुँदैन, किनकि अल्लाहले सोक मानाइरहेकि महिलाहरुलाई घरबाट निस्कने अनुमति दिएको छैन, तसर्थ यदि कसैसँग यस्तो किसमको बाध्यता छ भने त्यस माथि हज अनिवार्य छैन ।

## हजको अणुशासन र नीतिशास्त्रहरू ।

१ - हजको यात्रा भन्दा अघि नै हाजीले पढेर अथवा सोध पुछ गरेर हज र ऊमराको बिधिहरुको जानकारि प्राप्त गर्ने ।

२ - राम्रो साथिहरु बनाउने प्रयास गर्ने, ताकि उनीहरुले पुण्यको कार्यमा सहयोग पुयाओस, र यदि कुनै धर्मको ज्ञानी अथवा छात्रहरुको संगत प्राप्त भयो भने अधिक राम्रो हुन्छ ।

३ - हजको उदेश्य चाहिं यो हो कि अल्लाहको प्रसन्नता र वहाँको नजिकि प्राप्त होस ।

४ - जिब्रोलाई फालतु कुराहरुबाट रोकि राखने ।

५ - धेरै भन्दा धेरै अल्लाहको स्मरण र प्रार्थणा गर्ने ।

६ - मानिसहरुलाई कष्ट न दिने ।

७ - महिलाहरुले पर्दा गर्ने र पुरुषहरुको भीड देखि टाँढा नै रहने प्रयास गर्ने ।

८ - हाजीले यस कुरालाई ध्यानमा राखने कि ऊ एउटा एबादत अर्थात पुजामा छ कुनै भ्रमणमा होइन, किन भने केहि हाजीहरुले हजलाई एउटा भ्रमणको औसर र फोटो उतारने मौका सम्फिसकेको छ, अल्लाहले उनीहरुलाई सच्चाबाटो देखाओस ।

## एहराम।

एहराम भनेको हजको बिधिमा प्रवेश गर्ने नियत अर्थात चाहना हो, जुन सुकै व्यक्तिले हज वा उमरा गर्न चाहनु हुन्छ भने त्यस माथि एहराम अनिवार्य हुन्छ, हज र ऊमरा गर्नेवाला व्यक्ति यदि मक्का बाहेक अरु कुनै ठाउँबाट आइरहनु भएकोछ भने रसुल ﷺले तोकिएको मीकातहरु मध्ये कुनै एउटा मीकातबाट एहराम बाँधनु पर्छ, र त्यो यस प्रकार छन्:

१ - जुलहोलैफा, यो मदिनाको नजिक एउटा सानो गाँउ हो, अहिलेको समयमा त्यस्लाई अब्यारे अली भनिन्छ, र त्यो मदिनावासिहरुको मीकात हो।

२ - अलजोहफा, र यो राबिगको नजिक एउटा गाँउको नाम हो, तर आजको समयमा मानिसहरुले राबिगबाट नै एहराम बाँधि रहेका छन्, र त्यो सिरयावासिहरुको मीकात हो ।

३ - करनुलमनाजेल,(अस्सैलुल कबीर)यो ताएफको नजिक छ, र नजदवासिहरुको मीकात हो।

४ - यलमलम, यो मक्का देखि ७० कि. मि. टाँढा छ, र त्यो यमनवासिहरुको मीकात हो ।

५ - जातो इर्क,र यो एराकवासिहरुको मीकात हो।

यी सबै मीकातहरु रसुल ﷺले उनीहरुको लागि तोकिएका छन् जस्को खुलासा हामीले गरेको र उनीहरुको लागि पनि जुन् कुनै अरु ठाउँबाट हज र ऊमराको उदेश्यले त्यस तर्फबाट आउँछन्,

तर मक्कावासिहरु र हरम अर्थात मक्काको खास क्षेत्र फल देखि बाहिर बसेको व्यक्तिहरु आफनो घरबाट नै एहराम बाँधने छ ।

## एहरामको सुन्नत ।

एहराम भन्दा अघि जे जे कार्य गर्नु सुन्नत छ त्यस मध्ये :

१ - नाङ काट्ने, बगलको रौं खौरने अथवा उखालने, जुँङ्गा काट्ने, कन्दनी भन्दा तलको बाल खौरने, नुहाउने, र सुगन्ध लगाउने, तर सुगन्ध चाहिं लुगामा होइन बरु शरिरमा लगाउने।

२ - सिलाएको लुगा उतारने, लुंगी र च्यादर लगाउने, महिलाहरुले चाहिं मनपराएको लुगा लगाउन पाइन्छ, तर पर्दा गर्ने, आफनो श्रृँगारलाई प्रकट नगर्ने, दुवै हत्केली र अनुहारलाई अपरिचित व्यक्तिहरुबाट छोपि राखने प्रयास गर्ने, हातमा पन्जा र अनुहारमा नेकाब नलगाउने ।

३ - मस्जिद पुगेर जमाअत सँग अर्थात सामुहिक नमाज पढने, यदि नमाजको समय छ भने, अथवा वोजुको दुइ रकत सुन्नत पढने, र फेरि एहराम बाँधने ।

## हजको प्रकार ।

हज तीन प्रकारका छन्, र त्यो :

१ - हज तमत्तोअ, अथार्त मात्र ऊमराको एहराम बाँधने, फेरि आठौं दिन आए पछि मक्कामा हजको एहराम बाँधने, र मीकातमा यो भन्ने (لبيك عمرة متمتعاً بها إلى الحج) हे अल्लाह ! म उपस्थित छु ऊमराको साथ साथ हजको लाभ उठाउनको लागि । र हज तमत्तोअ सबै हज मध्ये विशेष र प्रधान हज हो, खास गरि यदि हाजी हज भन्दा निकै समय पहिला मक्का आइ पुगेंको छ भने, फेरि अर्को चोटि मक्कामा बसेको ठाउँबाट नै हजको एहराम बाँधने, र यो भन्ने لبيك)

(لبيك حجاً हे अल्लाह! म हजको लागि उपस्थित छु।। र यस प्रकारको हजमा हाजीलाई हदि अर्थात बली दिनु अनिवार्य छ, हदिमा एउटा बाखा एक जनाबाट र एउटा उँट अथवा गाई सात जनाबाट प्रयाप्त हुन्छ।

२ - हज केरान, अर्थात एकै चोटि हज र ऊमरा दुवैको एहराम बाँधने, र यस्तो भन्ने (لبيك عمرة وحجاً) हे अल्लाह ! म हज र ऊमरा दुवैको लागि उपस्थित छु । र त्यही एहराममा यौमुन्नहर अर्थात ईदको दिन सम्म बस्ने, विशेष गरि यो उनीहरुको लागि छन् जुन् हज भन्दा थोरै समय पहिला आउँछन्, र ऊमराबाट हलाल भएर अर्को चोटि हजको एहराम बाँधनको लागि प्रयाप्त समय पाउँदैनन्, र उनीहरुको लागि पनि जुन् आफु संग हदि ल्याएका हुन्छ।

३ - हज इफराद, अर्थात मात्र हजको उदेश्य राखने, र मीकातबाट एहराम बाँधने समय यो भन्ने (لبيك حجاً) हे अल्लाह! म हजका लागि उपस्थित छु। यस प्रकारको हजमा हदि लाग्दैन ।

हाजी यदि वायु यात्रा गरि आइ रहनु भएछ भने मीकातको बराबर पुगेर एहराम बाँधने, अथवा त्यस भन्दा उचित समय पहिला एहराम बाँधने यदि मीकातको थाहा पाउनु गाह्रो छ भने, र मीकातमा गर्नु पर्ने सबै कार्य गर्ने, जस्तो कि आफुलाई सफा पार्ने, अत्तर लगाउने, नाङ काटने, र यदि चाहेको भए हवाइजहाजमा चढने भन्दा पहिला अथवा हवाइजहाजको भित्र नै एहराम बाँधने, फेरि मीकात पुगने भन्दा अघि अथवा मीकातको बराबर पुगेर एहरामको नियत गर्ने ।

## एहरामको तरिका।

एहरामको तरिका यो हो कि :

क - यदि हज तमत्तोअ गर्न खोजेको छ भने (لبيك عمرة متمتعاً بها إلى الحج) भन्ने ।

ख - यदि हज केरान गर्न खोजेको छ भने (لبيك عمرة وحجاً) भन्ने ।

ग - यदि हज इफराद गर्न खोजेको छ भने(لبيك حجاً) भन्ने ।

एहराम पछि तलबिया (निम्न उल्लेखित) दुआ पढनु सुन्नत छ, र त्यस्तै एहराम पछि काबाको तवाफ शुरु गर्ने सम्म तलबिया दोहरियाउनु पनि सुन्नत हो, तलबियाको शब्द यो हो «لَبَّيْكَ اللّهُمَّ لَبَّيْكَ لَبَّيْكَ لَا شَرِيكَ لَكَ لَبَّيْكَ إِنَّ الْحَمْدَ وَالنِّعْمَةَ لَكَ وَالْمُلْكَ لَا شَرِيكَ لَكَ» म उपस्थित छु हे अल्लाह म उपस्थित छु, म उपस्थित छु तिम्रो कोहि पनि साझेदार छैन, म उपस्थित छु, सबै प्रकांरको प्रशंसा, तथा कृपा, र राज्य तिम्रै लागि छन् कोहि पनि तिम्रो भागिदार छैन् ।

**एहराममा बर्जित गरिएको कार्यहरु** : एहराम बाँधे पधि केहि यस्तो कुराहरु बर्जित भइहाल्छ जुन् एहराम भन्दा पहिला जायज थियो, किन भने त्यो अब एउटा एबादत अर्थात उपासनामा प्रवेश गरि सक्यो, र त्यस माथि निम्न कुराहरु बर्जित भइहाल्छ :

क - टाउको अथवा शरिरको कुनै अंगबाट केश उखालने, तर अवश्यक्ता परेमा टाउको खुर्किनमा कुनै आपत्ति छैन ।

ख - नाङ काट्ने, तर यदि नाङ टुटयो, अथवा त्यस्मा पिडा भइरहेछ भने यस्तो अवस्थामा नाङ काट्नमा कुनै हर्ज छैन ।

ग - अत्तर अथवा सुगन्धित साबुन प्रयोग गर्ने ।

घ - यौन सम्पर्क र त्यस माथि उत्साहित गर्ने कुराहरु जस्तो कि विवाह गर्ने, कामवासनाले
हेरने, शरिर टाँसने, र मुँइ खाने, इत्यादि ।
ड - पन्जा लगाउने ।
च - शिकार गर्ने ।

**यी कार्यहरु नर र नारी दुवैको लागि बर्जित गरिएका छन्**

**पुरुषहरुको लागि निम्न कार्यहरु पनि बर्जित गरिएका छन्**

१ - सिलाएको लुगा लगाउने, तर अवश्यक कुराहरु लगाउनु जायज छ जस्तो कि सिब्ता (खास प्रकारको लुगा), घडि, र चशमा, इत्यादि ।
२ - टाउकोमा टाँसिएको कुनै वस्तुले टाउको छोपने, तर यदि टाउकोमा टाँसिएको छैन भने त्यस्मा कुनै आपत्ति छैन, जस्तो कि छाता, गाडि, र टेन्ट, इत्यादि ।
३ - जुराफ लगाउने, तर यदि चप्पल पाएन भने छालाको मोजा लगाउनु जायज छ ।

यदि कुनै व्यक्तिले बर्जित गरिएको यी कार्यहरु मध्ये कुनै कार्य गर्नु हुन्छ भने त्यस्को तीन अवस्था हुन्छ ।
१ - बिना कुनै अवश्यक्ताले यदि यस्तो गरेकोछ भने त्यो पापी हुन्छ र त्यस्लाई फिदया अर्थात बली दिनु पर्छ ।
२ - यदि अवश्यक्ताले यस्तो गरेकोछ भने त्यस्लाई पाप लागदैन तर फिदया चाहिं दिनु पर्छ।
३ - यदि जानकारी न भएर अथवा बिर्सेर अथवा बाध्य भएर यस्तो गर्नु भएछ भने त्यस्लाई पाप पनि लागदैन र फिदया पनि लागदैन ।

## तवाफ।

मस्जिदे हराममा प्रवेश गर्दा सबभन्दा पहिला दायाँ खुट्टा राखनु र यो भन्नु सुन्नत छ بِسْمِ اللّٰهِ وَالسَّلَامُ عَلَى رَسُولِ اللّٰهِ اللَّهُمَّ اغْفِرْ لِي ذُنُوبِي وَافْتَحْ لِي أَبْوَابَ رَحْمَتِكَ म शुरु गर्दछु अल्लाहको नामबाट, दरुद र सलामती होस रसुलु ल्लाह माथि, हे अल्लाह ! मेरो सबै पापहरु माफ गरिदेउ, र मेरो लागि आफनो दयाको ढोका खोली देऊ । यो दुआ सबै मस्जिदको लागि छ, फेरि तवाफको लागि सिधा काबा तिर हिंड्ने ।

तवाफ भनेको यो हो कि काबाको चारै तिर अल्लाहको उपासनाको लागि सात चोटि परिक्रमा गर्ने, काबा आफनो बायाँ तिर राखेर हजरे असवद देखि शुरु गर्ने, र त्यहीं आएर समाप्त गर्ने, तवाफको समय अनिवार्य रुपले वोजुको अवस्थामा हुनु पर्छ, र तवाफको तरिका यो हो:

१ - हजरे असवद सम्म पुगेर दायाँ हातले त्यस्लाई छुने र (بسم الله والله اكبر) भन्ने, म शुरु गर्दछु अल्लाहको नामबाट, र अल्लाह धेरै महान र ठुलो हुनु हुन्छ । यदि सम्भव छ भने त्यस्को चुम्बन दिने, र यदि सम्भव छैन भने हातले छुने र हातलाई चुम्बन दिने, तर यदि हजरे असवदलाई छुनु पनि सम्भव छैन भने त्यस तर्फ अनुहार फेरेर हातले संकेत दिने र (الله اكبر) भन्ने, यस्तो अवस्थामा हातलाई चुम्बन न दिने, फेरि काबालाई आफनो बायाँ तिर राखेर तवाफ शुरु गर्ने, र ईच्छा अनुसार दुआ गर्ने अथवा जति सम्भव हुन्छ भने त्यति कुरआन पढने, आफनो लागि र अरुको लागि आफनो भाषामा दुआ गर्ने, किनकि तवाफको कुनै खास दुआ छैन।

२ - रुकने यमानी सम्म पुगेर यदि सम्भव छ भने आफने दायाँ हातले त्यस्लाई छुने, र (بسم الله والله اكبر) भन्ने, तर आफनो हातलाई चुम्बन न दिने, र यदि छुन सम्भव छैन भने हिंडी रहने, नत हातले सकेत दिने, नत तकबीर भन्ने, रुकने यमानी र हजरे असवदको बीचमा यो भन्ने ﴿ رَبَّنَآ ءَاتِنَا فِى ٱلدُّنْيَا حَسَنَةً وَفِى ٱلْآخِرَةِ حَسَنَةً وَقِنَا عَذَابَ ٱلنَّارِ ﴾ البقرة: ٢٠١ हे पालन्कर्ता ! हामीलाई संसारमा पनि पुण्य प्रदान गर, र प्रलोकमा पनि पुण्य प्रदान गर, र नर्कको सजायबाट रक्षा गर ।

३ - हजरे असवद सम्म पुगेर यदि सम्भव छ भने हातले छुने, र यदि सम्भव छैन भने हातले संकेत दिने र (الله اكبر) भन्ने ।

**यसरी सात चक्कर मध्ये एक चक्कर समाप्त हुन्छ, र अरु चक्कर पुरा गर्नको लागि**

४ - तवाफ जारि राखने, सातौं चक्करमा त्यस्तै गर्ने जस्तो पहिला चक्करमा गरेको, जैले पनि हजरे असवद सम्म पुगिन्छ त तकबीर भन्ने, र सातौं चक्करको अन्तमा पनि तकबीर भन्ने, पहिला तीन चक्करमा रमल र अन्तिम चार चक्करमा साधारण तरिकाले हिंडनु सुन्नत छ, सानो सानो कदम उठाएर छिटो हिंडनाले रमल भनिन्छ, त्यस्तै पुरा तवाफमा इजतेबाअ गर्नु सुन्नत छ, र इज्तेबाअ यो हो कि च्यादरको दुवै किनारा दायाँ काँधको तलबाट लिएर बायाँ काँधमा राखने, तर रमल र इज्तेबाअ मात्र प्रथम तवाफमा हुन्छ जब कुनै व्यक्तिले हज वा ऊमरा गर्नको लागि मक्का आइपुग्नु हुन्छ ।

तवाफ समाप्त भए पछि मकामे ईब्राहीमको पछिलो ठाउँमा दुइ रकत नमाज पढनु सुन्नत छ, यस प्रकार कि मकामे ईब्राहीम उस्को र काबाको बीचमा भइहालोस, र नमाज भन्दा पहिला

आफनो च्यादर लगाइ हाल्ने, च्यादरलाई दुवै काँधमा राखने र त्यस्को दुवै किनारा छातीमा राखने, पहिलो रकतमा सुरः फातेहा र ﴿ قُلْ يَٰٓأَيُّهَا ٱلْكَٰفِرُونَ ﴾ पढने, र दोसरो रकतमा सुरः फातेहा र ﴿ قُلْ هُوَ ٱللَّهُ أَحَدٌ ﴾ पढने, यदि मकामे ईब्राहीमको नजिक भीडको कारणले नमाज पढनु सम्भव छैन भने मस्जिदको कुनै ठाउँमा पनि नमाज पढ्न सकिन्छ ।

## सई (सफा र मर्वा पहाडि बीच दौड्ने) ।

त्यस पछि सईको ठाउँमा जाने, र सफा तिर लाग्ने, त्यस्को नजीक पुगेर यो पढने ﴿ إِنَّ ٱلصَّفَا وَٱلْمَرْوَةَ مِن شَعَآئِرِ ٱللَّهِ ۖ فَمَنْ حَجَّ ٱلْبَيْتَ أَوِ ٱعْتَمَرَ فَلَا جُنَاحَ عَلَيْهِ أَن يَطَّوَّفَ بِهِمَا ۚ وَمَن تَطَوَّعَ خَيْرًا فَإِنَّ ٱللَّهَ شَاكِرٌ عَلِيمٌ ﴾ البقرة: ١٥٨ सफा र मर्वा पर्वत अल्लाहको निशानीहरु मध्ये एक हुन्, यसर्थ जुन् मानिसले काबाको हज अथवा ऊमरा गर्ने छ भने उस्ले दुवैको परिकमा गर्नमा कुनै पाप छैन, र आफनो स्वेच्छाले जो भलो गर्ने छ, त अल्लाह कदर गर्नेवाला, र राम्रो जान्नेवाला छ । फेरि काबालाई हेरने सम्म सफा पहाडि माथि चढने, र काबा तिर पल्टेर आफनो दुवै हात उठाउने र अल्लाहको प्रशंसा गर्ने, मन परेको दुआ गर्ने, र यो भन्ने « لاَ إِلَهَ إِلاَّ اللَّهُ وَاللَّهُ أَكْبَرُ لاَ إِلَهَ إِلاَّ اللَّهُ وَحْدَهُ لاَ شَرِيكَ لَهُ لَهُ الْمُلْكُ وَلَهُ الْحَمْدُ يُحْيِي وَيُمِيتُ وَهُوَ عَلَى كُلِّ شَيْءٍ قَدِيرٌ لاَ إِلَهَ إِلاَّ اللَّهُ وَحْدَهُ أَنْجَزَ وَعْدَهُ وَنَصَرَ عَبْدَهُ وَهَزَمَ الأَحْزَابَ وَحْدَهُ » अल्लाह बाहेक कोहि पनि उपासना योग्य छैन, ऊ एकलै छ उस्को कोहि पनि साझेदार छैन, उसैको लागि राज्य छ, र उसैको लागि प्रशंसा छ, जीवन र मृत्यु उसैको हातमा छ, ऊ सबै थोक माथि

सर्वशक्तिमान छ, अल्लाह बाहेक कोहि पनि पुजनीय छैन, ऊ एकलै छ, उस्ले आफनो वचन पुरा गर्यो, र एकलै सबै सेनाहरुलाई पराजित गर्यो । फेरि लामो समय सम्म दुआ गर्ने र यस्लाई तीन चोटि दोहरियाउने।

फेरि सफाबाट उतरेर मर्वा पर्वत तिर हिंडने, र हरियो संकेत सम्म पुगे पछि अर्को हरियो संकेत सम्म सकभर छिटो हिंडने, यो सुन्नत हो, तर शर्त यो हो कि अरु कसैलाई कष्ट न दिने, (खास पुरुषहरु नै छिटो हिंडने छन्, महिलाहरुले होइन) फेरि मर्वा पुगेर त्यस माथि चढ्ने, र काबा तिर पल्टेर दुवै हात उठाउने र त्यही भन्ने जुन् सफा माथि भनेका थियो, यस प्रकार सईको सात चक्कर मध्ये एक चक्कर समाप्त भयो, दुआ गरे पछि मर्वाबाट उतरेर सफा तिर लाग्ने, र पहिला चक्कर जस्तै गर्ने, सईको समयमा अधिक भन्दा अधिक दुआ गर्नु सुन्नत छ । हाजीले यदि हज तमत्तोअ गरि रहनु भएकोछ भने त्यस्को लागि सई पछि कपाल खौरनु, ऊमरा समाप्त गर्नु, लुगा लगाउनु, र एहरामबाट मुक्त हुनु सम्भव छ, फेरि आठ गतेको जोहर नमाज भन्दा केहि क्षण पहिला आफनो ठाउँबाट हजको एहराम बाँधने, र ऊमराको एहराम बाँधने समय जे जे गरेको छ त्यही सबै कार्यहरु यहाँ पनि गर्ने, फेरि यो भन्दै हजको नियत गर्ने «لَبَّيْكَ حَجاً لَا شَرِيكَ لَكَ لَبَّيْكَ إِنَّ الْحَمْدَ وَالنِّعْمَةَ لَكَ وَالْمُلْكَ لَا شَرِيكَ لَكَ» हे अल्लाह! म हजको लागि उपस्थित छु, म उपस्थित छु, कोहि तिम्रो साझेदार छैन, म उपस्थित छु, सबै प्रकारको प्रशंसा तथा कृपा अनि राज्य तिम्रै लागि छन्, कोहि तिम्रो भागिदार छैन। फेरि जोहर, असर, मगरिब, एशा, र फजर सबै नमाज मेनामा पढने र त्यस्मा कसर गर्ने अर्थात चार रकतको नमाज मात्र दुइ रकत पढने ।

## जुलहिज्जा महिनाको आठौं दिन (८ गते)

हाजीले मेना जानु हुन्छ र त्यहाँ जोहर, असर, मगरिब, एशा, र फजरको नमाज पढ्नु पर्दछ, चार रकतको नमाज घटाएर मात्र दुइ रकत पढ्नु पर्दछ ।

## नौंवो दिन (९ गते, अरफाको दिन) ।

यो दिनमा निम्न कार्यहरु गर्नु पर्छ :

१ - सुर्य उदय भए पछि अरफा तिर लाग्ने र सुर्य अस्त हुने सम्म त्यहीं बस्ने, मध्याह्न भए पछि जोहर र असरको नमाज कसर गरेर एक साथ पढने, फेरि नमाज पछि अल्लाहको स्मरण, दुआ, र तलबियामा व्यसत भइहाल्ने, सुन्नत यो हो कि अल्लाह सित अधिक भन्दा अधिक दुआ र बिन्ती गर्ने, आफनो लागि र सबै मुस्लिमहरुको लागि दुआ गर्ने, र जे चाहियो भने त्यो सबै मांगने, दुआको समयमा आफनो दुवै हात उठाउनु उचित छ, अरफामा बस्नु हजको एउटा स्तम्भ हो, जुन् सुकै व्यक्ति अरफामा बस्दैनन् त्यस्को हज सही हुने छैन, त्यहाँ बस्नको समय ९ गतेको सुर्य उदय हुने देखि १० गतेको फजर उदय हुने सम्म छ, तसर्थ जुन सुकै व्यक्तिले यस भित्र दिन अथवा रातिको कुनै पनि समय त्यहाँ व्यातित गर्दछन् भने त्यस्को हज पुरा भइहाल्छ, र यस कुराको पुष्टि जरुरि छ कि वास्तवमा हाजीले अरफाको क्षेत्रफलमा प्रवेश गरि सकिएको छ ।

२ - सुर्य अस्त भइसकेको छ भन्ने कुराको पुष्टि भए पछि त्यहाँबाट शान्ति पुर्वक तरिकाले ठुलो स्वरमा तलबिया भन्दै मुज्दलिफा तिर हिंड्ने।

मुज्दलिफमा - मुज्दलिफा पुगने बित्तिकै मगरिब र एशाको नमाज एक साथ पढने, र त्यस्मा कसर गर्ने, नमाज पछि आफनो निजी कार्यहरु जस्तो कि खानाको तैयारी र यस्तो अन्य कार्यहरुमा व्यस्त हुनु सम्भव छ, यस्मा कुनै हर्ज छैन, र उचित यो हो कि छिट्टै सुति हाल्ने ताकि बिहान फजर नमाजमा उठ्ने समय शरिरमा फुर्ती होस ।

## दसौं दिन (ईदको दिन) ।

१ - फजरको समय भए पछि फजरको नमाज पढने, र त्यस पछि आफनो ठाउँमै बसेर पुर्ण रुपले उज्यालो हुने सम्म अल्लाको अधिक स्मरण गर्ने र दुआ गर्ने ।

२ - सानो सानो सातवटा ढुँगा लिने र सुर्य उदय हुने भन्दा पहिला तलबिया भन्दै मेना तिर लाग्ने ।

३ - जमरतुल अकबा सम्म तलबिया जारि राखने, र एउटा एउटा ढुँगाले गरि सातौं ढुँगालाई हिर्रकाउने, र हरेक ढुँगा हिर्रकाउँदा (الله اكبر) भन्ने।

४ - ढुँगा हिर्रकाए पछि हदि जिबह गर्ने अर्थात बली दिने, यदि हज तमत्तोअ अथवा हज केरान गर्नु भएछ भने, र उचित यो हो कि स्वयम त्यस्को मासु खाने, अरुलाई पनि दिने र दान पनि गर्ने ।

५ - हदि जिबह गरे पछि कपाल खौरने अथवा कटाउने, तर खौरनु चाहिं उत्तम छ, र महिलाहरुले आफनो हरेक चोटिबाट औंलाको एक टुप्पो बराबर कटाउने छिन् (तीन से.मी. बराबर) । त्यस पछि एहरामको कारणले लुगा, सुगन्ध, नाङ काट्ने, र केश काट्ने जस्तो बर्जित गरिएको कार्यहरु जायज भइहाल्छ, तर विवाह गर्नु अझै बर्जित हुन्छन्, काबाको तवाफ गर्ने सम्म, र

त्यस पछि स्नान गरि सफा हुनु, अत्तर लगाउनु, र लुगा लगाउनु उचित छ ।
६ - काबा गएर तवाफे हज (तवाफे एफाजा) गर्ने, यसर्थ काबाको चारै तिर सात चक्कर काट्ने, त्यस पछि दुइ रकत नमाज पढ्ने, फेरि सईको ठाउँमा गएर सफा र मर्वा बीच सात चोटि सई गर्ने, यदि हज तमत्तोअ गरि रहनु भएकोछ भने, तर यदि हज केरान अथवा हज इफराद गरि रहनु भएकोछ र तवाफे कोदुमको समयमा नै सई गरिसक्नु भएकोछ भने अहिले सई गर्नु जरुरि छैन, किनकि त्यस्को पहिला सई नै हजको सई हो, तर यदि मक्का आउने समय सई गर्नु भएको छैन भने अहिले सई गर्नु अनिवार्य हुन्छ, सई पछि एहरामको कारणले बर्जित गरिएको सबै कार्यहरु पुन: बहाल भइहाल्छ, यसर्थ त्यो सबै कार्यहरु जायज भइहाल्छ जुन् एहरामका कारणले बर्जित गरिएको थियो ।
७ - हाजीहरुलाई ११,१२, को रात मेनामा ब्यतिथ गर्नु अनिवार्य छ, तर १३को रात मात्र यस्तो व्यक्तिहरुलाई ब्यतिथ गर्नु पर्छ जुन् ढिलो गर्न चाहनु हुन्छ, रात बिताउनको अर्थ यो हो - कि रातको अधिक समय मेनामा बस्ने ।
र यो जुन अंकम भनिएको छ कि पहिला ढुँगा हिर्रकाउने, त्यस पछि जिबह गर्ने, त्यस पछि कपाल खौरने, र त्यस पछि तवाफ गर्ने यही सुन्नत हो, तर यदि .यस्मा कुनै प्रकारको तल माथि भयो भने त्यस्मा कुनै आपत्ति छैन ।

## ग्यारहौं (११) दिन ।

हाजीलाई आजको दिनमा ढुँगा हिर्रकाउनु जरुरि छ, ढुँगा हिर्रकाउनको समय मध्याह्न पछि शुरु हुन्छ, त्यस भन्दा पहिला जायज छैन, र अर्को दिनको फजर उदय हुनुको साथै त्यस्को समय समाप्त भइहाल्छ, सबभन्दा पहिला सानो जमरालाई

ढुँगाले हिर्रकाउनु पर्छ, त्यस पछि मध्ये जमरा, र त्यस पछि ठुलो जमरा, मध्याह्न पछि कुनै पनि समयमा, र ढुँगा हिर्रकाउने तरिका यो हो :

१ - आफु सँग २१ सानो ढुँगा राखने, र सानो जमरा तिर लाग्ने, त्यस्लाई ७ ढुँगाले हिर्रकाउने, हरेक ढुँगा हिर्रकाउने समय (الله اكبر) भन्ने, ढुँगालाई गोल आकारमा पुर्याउने प्रयास गर्ने, हरेक ढुँगालाई छुट्टा छुट्टै हिर्रकाउने, र सुन्नत यो हो कि त्यस पछि दायाँ तिर उभिएर लामो समय सम्म दुआ गर्ने ।

२ - त्यस पछि मध्ये जमरा तिर लाग्ने, र त्यस्लाई छुट्टा छुट्टै ७ ढुँगाले हिर्रकाउने, हरेक ढुँगा हिर्रकाउने समय (الله اكبر) भन्ने, र सुन्नत यो हो कि त्यस पछि अलि बायाँ तिर उभिएर लामो समय सम्म दुआ गर्ने ।

३ - फेरि ठुलो जमरा तिर लाग्ने, र त्यस्लाई ७ ढुँगाले हिर्रकाउने, हरेक ढुँगा हिर्रकाउने समय (الله اكبر) भन्ने, र त्यहाँ न रुकने बरु त्यहाँबाट गइहाल्ने ।

## बारहौं (१२) दिन।

१ - ग्याहौं दिनमा गरेको सबै कार्य गर्ने ।

**यदि हाजीले ढिलो गर्न चाहनु हुन्छ र तेहौं (१३) दिन पनि रुकन चाहनु हुन्छ - उत्तम चाहिं यही हो - भने त्यो दिन पनि त्यही कार्य गर्ने जो ग्याहैं र बाहौं दिनमा गरिएको थियो ।**

२ - बाहौं दिन अथवा तेहौं दिन (ढिलो गर्न खोजेको व्यक्तिको लागि) ढुँगा हिर्रकाए पछि काबा तिर लाग्ने, तवाफे वेदाअ अर्थात बिदाइको तवाफ गर्ने, काबाको चारै तिर सात चक्कर काटने, फेरि यदि सम्भव छ भने मकामे ईब्राहिमको पछि अथवा

मस्जिदको कुनै पनि ठाउँमा दुइ रकत नमाज पढने, र महिलाले यदि मासिक धर्ममा छे अथवा सुत्केरि भएकि छे भने त्यस्को लागि यो तवाफ माफ हुन्छ ।

हाजीले तवाफे एफाजालाई आजको दिन सम्म ढिलो गर्न सक्नु हुन्छ, र यस्तो भएमा यो तवाफ तवाफे वेदाअको तर्फबाट प्रयाप्त हुन्छ, तर नियत चाहिं तवाफे एफाजाको नै हुन्छ तवाफे वेदाअको होइन ।

३ - त्यस पछि अनिवार्य छ कि हाजीले अरु कुनै कार्यमा व्यस्त न हुने, बरु अल्लाहको स्मरण गर्दै, दुआ गर्दै, र लाभ दायक कुराहरु सुन्दै मक्काबाट निस्कनु पर्छ । तवाफ गरे पछि केहि समयको लागि मक्कामा रुक्न पाइन्छ, जस्तो कि साथीहरुको प्रतिक्षा गर्ने, सामान लोड गर्ने, बाटोमा अवश्यक पर्ने सामग्री खरिद गर्ने, इत्यादि।

## हजको स्तम्भहरू।

१ - एहराम  २ - अरफामा बसने

३ - तवाफे एफाजा (ईदको दिनको तवाफ)

४ - सफा र मर्वाको सई

**यदि कसैले यस मध्ये कुनै एउटा स्तम्भ छाडिदिनु भयो भने त्यस्को हज सही हुँदैन**

## हजमा अनिवार्य कार्यहरू।

१ - मीकातबाट एहराम बाँधने ।

२ - यदि अरफाको दिनमा पुग्यो भने सुर्य अस्त हुने सम्म त्यहीं बसने ।

३ - मुज्दलिफामा राति बिताउने, फजर पछि राम्रोसित उज्यालो हुने सम्म त्यहीं बसने, तर कमजोर व्यक्तिहरु र महिलाहरुको लागि मात्र आधि रात सम्म बसनु जायज छ ।

४ - तशरीक (११, १२, १३) को प्रत्येक राति मेनामा बिताउने ।
५ - तशरीकको प्रत्येक दिन ढुँगा हिर्काउने ।
६ - कपाल खौरने अथवा कटाउने ।
७ - तवाफे वेदाअ ।

**यदि कसैले यस मध्ये कुनै एउटा अनिवार्य कार्यलाई छोडनु भयो भने त्यस्लाई दम अर्थात जरिवाना दिनु पर्छ, र जरिवानामा चाहिं एउटा बाखा, अथवा उँट वा गाईको सात भाग मध्ये एक भाग हरम(मक्का)को गरीब व्यक्तिहरुको लागि दिनु पर्छ ।**

मस्जिदे नबवीको भ्रमण ।

नमाज पढनको लागि मस्जिदे नब्वी जानु उचित छ, किनकि हदिसमा छ कि मस्जिदे नब्वीमा एक नमाज मस्जिदे हराम ( मक्काको मस्जिद) बाहेक अरु सबै मस्जिदहरुको मोकाबलामा एक हजार नमाज भन्दा अधिक राम्रो हुन्छ, र यस मस्जिदको भ्रमन साल भरमा कहिले पनि हुन सक्छ, यस्को कुनै खास समय छैन, र हजको भाग पनि छैन, यदि एउटा मुस्लिमले त्यो मस्जिद सम्म पुग्नु भयो भने त्यस्को लागि नबीﷺ र वहाँको दुवै साथी अबुबकर र ऊमरको कबरमा जानु पनि उचित छ, पुरुषहरुले मात्र कबरमा जानको अनुमति पाइएको छ महिलाहरुले होइन, र नबीﷺको कोठालाई छुनु अथवा तवाफ गर्नु, र त्यस तर्फ फर्केर दुआ गर्नु कसैको लागि जायज छैन ।

شـركـة مطبعـة النرجس المحـدودة
Narjis Printing Press Co. Ltd.
تلفون: ٤١٥٧٤١٢ - جوال: ٠٥٠٥٢٧٨٤٦١
E-mail: narjiscpp@yahoo.com